# सिम्ता राजपत्र

## सिम्ता गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ६ | संख्या: ३/६ | मिति: २०७९।१०।०६

भाग: २


**सिम्ता गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

# सिम्ता गाउँपालिका तथ्यांक व्यवस्थापन निति, २०७९

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सिम्ता गाउँपालिकाले स्थानीय सिम्ता गाउँपालिका तथ्यांक व्यवस्थापन निति, २०७९ जारी गरेको छ।

**सिम्ता गाँउपालिका**

**तथ्यांक व्यवस्थापन नीति, २०७९**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/१०/०६**

**प्रमाणीकरण मितिः २०७९/१०/०६**

**<u>१. पृष्ठभुमीः</u>**

तथ्याङ्क लोकतान्त्रिक समाजको स्थायित्व र विकासका लागि आवश्यक सूचना प्रणालीको एक अपरिहार्य र बलियो आधार हो। तथ्याङ्क, सूचना, अभिलेखको सिर्जना, प्रवाह र प्रयोगलाई द्रुत गतिमा विकसित भइ प्रयोगमा आइरहेको प्रविधि र इन्टरनेटले थप व्यापक बनाएको छ। तथ्याङ्कको सर्वव्यापकतामा प्रत्येक व्यक्ति यसको बलियो साक्षी मात्र नभई घनीभूत प्रयोगकर्ता समेत बन्दैछ। तथ्याङ्कले कोरा तथ्य (Raw data), आँकडा, सूचना सामाग्री, अभिलेख, संख्या, आवाज, फोटो, शब्द, भिडियो, भुस्थानिक सूचना तथा तथ्याङ्क (geospatial information and data) लगायतलाई जनाउँछ र तथ्याङ्क सूचनाको सुक्ष्म एकाई हो।

तथ्याङ्क मुलूकको समग्र आर्थिक, राजनीति, सामाजिक र वातावरणीय विकासका बिषयलाई तथ्यपरक र विवरणगत रूपमा प्रस्तुत गर्ने साधन हो, जसले नीति, योजना र स्रोत बाँडफाँडलाई समेत प्रभावित गर्दछ। कुनै पनि विषयको वस्तुनिष्ठ निर्णय, विश्लेषण, विश्वसनीयताको परख तथा नवपरिवर्तन समेतमा तथ्याङ्कको प्रयोग हुन्छ। साथै, तथ्याङ्कको अपरिहार्यता लक्ष्य निर्धारण, योजना निर्माण, कार्यान्वयन तथा परिणाम अनुगमन र मुल्यांकन समेतमा रहन्छ। राष्ट्रिय तथ्याङ्कले तटस्थता, वस्तुनिष्ठता, व्यावसायिक स्वतन्त्रता, सान्दर्भिकता, विश्वशनीयता र पारदर्शिताको सिद्धान्त अवलम्बन गरेमा त्यो मुलूकको सर्वाङ्गीण विकासमा सहायक हुने कुरा दीगो विकासको साझा लक्ष्यको मर्म हो।

तथ्याङ्क प्रणालीको अन्तराष्ट्रिय तहको अभ्यासलाई धेरै हदसम्म संयुक्त राष्ट्रसंघले सन् २०१४ जनवरीमा अवलम्बन गरेको १० बुँदे आधारभूत संकल्प प्रस्तावमा गरिएको सरकारी तथ्याङ्क सम्बन्धी सिद्धान्तको व्याख्यासँग जोडेर हेरिन्छ। यस दस्ताबेजले अवलम्बन गरेको सान्दर्भिकता, तटस्थता र समान पहुँचको सिद्धान्त अनुसार सरकार, अर्थ जगत र सर्वसाधारणलाई आर्थिक, जनसांख्यिक, सामाजिक र वातावरणीय अवस्था सम्बन्धी तथ्याङ्क सेवा उपलब्ध गराउने सरकारी तथ्याङ्कलाई लोकतान्त्रिक समाजमा अपरिहार्य सूचना प्रणालीको अभिन्न अंगको रुपमा हेरिएको छ। धेरै जसो लोकतान्त्रिक मुलूकहरुमा तथ्याङ्कको व्यावहारिक उपभोग नागरिकको सार्वजनिक सूचना प्राप्त गर्ने अधिकार मानिन्छ र सरकारी तथ्याङ्क बिना बिभेद सबैलाई समान रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था गरिएको छ। हाम्रो छिमेकी मुलूक भारतमा पनि सरकारी तथ्याङ्क खुला तथ्याङ्कको रुपमा राखिनु पर्ने र त्यसलाई स्वत: सार्वजनिक गर्नुपर्ने व्यवस्था नीतिद्वारा स्थापित गरिएको छ।

खुला तथ्याङ्कका मौलिक सिद्धान्तहरु जसले उत्पादित आधारभूत तथ्याङ्कको इन्टरनेट वा अन्य उपयुक्त माध्यमबाट यथाशीघ्र प्रकाशन गरिनुपर्ने, प्रकाशनको मिति र बिधि तोकिनुपर्ने एवं नागरिकको सहज पहुँचका लागि पद्धतिगत रुपमा दीर्घकालिन तरिकाबाट मौलिक तथ्याङ्कको संरक्षण गरिनुपर्ने प्रावधानहरु हाम्रो तथ्याङ्क व्यवस्थापन नीतिका लागि बहुअनुकरणीय महत्वका देखिन्छन्। यी नीतिहरूको सिद्धान्तको पृष्ठभूमि पनि संयुक्त राष्ट्रसंघको सरकारी तथ्याङ्क सम्बन्धी आधारभूत सिद्धान्तमा आधारित छ। लोकतान्त्रिक राज्यले आम नागरिकको सुसूचित हुने अधिकारको प्रत्याभुत गर्न भरपर्दो र निष्पक्ष तथ्याङ्क निशुल्क उपलब्ध हुने वातावरण सिर्जना गर्नु, विश्वसनीय तथ्याङ्कको लागि तथ्याङ्क उत्पादनमा प्रयोग भएका विधिहरुको वैज्ञानिक आधार तथा नतिजाको आग्रहरहित विश्लेषण र प्रस्तुतीको लागि स्पष्ट कानुनी मापदण्डको निर्माण गर्न नीतिगत व्यवस्था गरिएको हुन्छ।

स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार रहेको र नागरिकका अपेक्षा परिपुर्तिको सन्दर्भमा तथ्याङ्क, सूचना, अभिलेखको आधारमा योजना तथा नीतिको तर्जुमा आजको आवश्यकता हो । नेपालको संविधानको अनुसूची ८ (१३) ले गाँउपालिकामा अभिलेख व्यवस्थापनको परिकल्पना गरेको छ । यसै सम्बन्धमा स्थानीय सरकार संचालन  ऐन, २०७४ को दफा ११ ख (५) र अन्य विभिन्न दफा र उपदफा अन्तर्गत अभिलेख व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारमा निहित छ । कानुनले दिएको जिम्मेवारी पुरा गरी यस गाँउपालिकाको नीति तथा योजना तर्जुमामा तथ्याङ्कको प्रभावकारी प्रयोग गर्ने र तथ्याङ्कको संकलन र प्रयोगमा एक रूपता ल्याउन यो **तथ्याङ्क व्यवस्थापन नीति २०७९** को व्यवस्था गरिएको हो ।

## २. तथ्याङ्क व्यवस्थापनको अवस्था

नेपालमा २००७ मा प्रजातन्त्रको युग सुरु हुनुभन्दा अगाडि जनसंख्या गोस्वारा र औद्योगिक–व्यापारिक समाचार संग्रह अड्डाको रुपमा तथ्याङ्क प्रशासनको अभ्यास रहेको देखिन्छ । यसैलाई २०१५ सालमा ऐन बनाई व्यवस्थित गरिएको र अहिलेसम्म पनि सोही तथ्याङ्क ऐन, २०१५ अनुसार नै नेपालमा विभिन्न प्रकृति र तहका तथ्याङ्कहरु व्यवस्थापन गरिने गरिएको छ । नेपालमा कार्यक्रम र कार्यगत रूपमा साना तथा मझौलास्तरमा तथ्याङ्कको संकलन, भण्डारण  तथा अभिलेख व्यवस्थापनका अतिरिक्त राष्ट्रिय स्तरमा प्रत्येक १० वर्षमा जनगणना, कृषि गणना, ५ वर्षे औद्योगिक गणना, १० वर्षे साना तथा घरेलु उद्योग–व्यापार गणना, मूल्य र उत्पादन सम्बन्धी गणना, श्रमिकशक्ति गणना, राष्ट्रिय जिवनस्तर मापन सर्वेक्षण र अन्य विभिन्न सर्वेक्षणहरु गरिने गरिएको छ ।

नेपालमा तथ्याङ्क संकलन गर्न चाहने कुनै निकाय वा सार्वजनिक संस्थाले सोको उद्धेश्य, कार्यक्षेत्र, तथ्याङ्कसम्बन्धी बिधि र अनुमानित लागत सहित दिएको निवेदनमा सम्बन्धित कार्यालयले अनुमति दिनुपर्ने प्रावधान रहेको छ । नेपाल सरकारको डिजिटल युगमा प्रवेश गर्न बनाईएको ढाँचा डिजिटल नेपाल फ्रेमवर्क (२०१८) का ८ क्षेत्र र ८० उपक्रम भित्र समेटिएका विषयहरु सीधा रुपमा तथ्याङ्कको बहुउपयोगितासँग जोडिएका छन् । शिक्षा, स्वास्थ्य, कृषि, उर्जा, पर्यटन, वित्तीय सेवा, डिजिटल आधार र शहरी पूर्वाधारका ८ क्षेत्रलाई डिजिटल बनाउनु भनेको तथ्याङ्कीय व्यस्थापनको महत्वलाई अपरिहार्य मान्नु हो ।

नेपालमा नीतिगत रूपमा कानुन निर्माण गरी तथ्याङ्क प्रणाली विकास गर्ने, राज्यका तथ्याङ्कसँग सम्बन्धित निकायबीच समन्वय गर्ने र तथ्याङ्कहरुमा गुणस्तरीयता कायम गर्ने उद्देश्यले विविध व्यवस्था र संरचना बनाइएको भएपनि पछिल्लो समयमा राज्यले अंगिकार गरेको नयाँ संघीय शासन संरचना र प्रविधिको विकास सन्दर्भ समेतलाई ध्यानमा राखी तथ्याङ्क सम्बन्धी कानूनी व्यवस्थामा परिमार्जन गरिनु आवश्यक देखिन्छ । साथै तथ्याङ्क प्रणालीबाट सार्वजनिक गरिने तथ्याङ्क तथा सूचना सामाग्रीहरुमा आम नागरिकको सहज पहुँच पुर्याउन समेत नीतिगत तथा कानूनी व्यवस्था आवश्यक रहेको देखिन्छ ।

## ३. गाँउपालिकामा तथ्याङ्क व्यवस्थापन नीतिको आवश्यकता

नेपालको संविधान २०७२ अनुसार मुलुक संघीयतामा प्रवेश गरेसँगै तथ्याङ्कको उत्पादन, प्रशोधन, भण्डारण, प्रकाशन तथा वितरण सम्बन्धी काम अब तीनै तहको सरकारको जिम्मेवारीमा रहेको छ । गाँउपालिकाका सरकार समेतले तथ्याङ्क संकलन, अभिलेख व्यवस्थापन, तथ्याङ्क भण्डारण लगायतका काम गर्ने जिम्मेवारी पाएका छन् । संघीयस्तरमा तथ्याङ्क उत्पादन तथा वितरण गर्ने आधिकारिक निकाय राष्ट्रिय तथ्यांक कार्यालय छ र नेपाल सरकारका विभिन्न मन्त्रालय तथा कार्यालयहरु तथ्याङ्क उत्पादकहरु हुन् । तर संघीयताको कार्यान्वयनले अब नेपालका सबै ७५३ वटै गाँउपालिकाहरुले तथ्याङ्क उत्पादन गर्ने छन् । यसकारण गाँउपालिकामा तथ्याङ्कको व्यवस्थापनका लागि एउटा प्रभावकारी तथ्याङ्क व्यवस्थापन नीतिको आवश्यकता पर्दछ ।

गाँउपालिकाको तथ्याङ्क व्यवस्थापन नीतिले देशको मूल कानुन नेपालको संविधान २०७२ ले निर्दिष्ट गरेका प्रावधानहरुको अधिनमा रहि हाल कार्यान्वनमा रहेका प्रस्तावित राष्ट्रिय तथ्याङ्क विधेयक, २०७६, सूचनाको हक सम्बन्धी ऐन, २०६४, मुलुकी अपराध

(संहिता) ऐन, २०७४, प्रतिलिपी अधिकार ऐन, २०५९, गोपनियता सम्बन्धी ऐन, २०७५, स्थानीय सरकार संचालन ऐन, २०७४ र खुला सरकारी तथ्याङ्कसम्बन्धी राष्ट्रिय रणनीतिपत्र समेतको सामञ्जस्यलाई अंगिकार गर्नु पर्दछ।

**४. तथ्याङ्क व्यवस्थापनका चुनौतीहरुः**

तथ्याङ्क व्यवस्थापन सम्बन्धी नीति, कानून तथा अभ्यासको विश्लेषणका आधारमा तथ्याङ्क व्यवस्थापन सम्बन्धी चुनौतिहरूलाई निम्न अनुसार उल्लेख गरिएको छ।

- संघीय तहमा तथ्याङ्क मानक सहितको तथ्याङ्क व्यवस्थापन सम्बन्धी नीति तथा निर्देशिकाको अभाव रहेको छ।
- संघीय शासन व्यवस्ठामा तथ्याङ्क व्यवस्थापनका सन्दर्भमा नीतिगत अस्पष्टता र आवश्यक कानूनी व्यवस्थाका अभावमा संघ, प्रदेश तथा गाँउपालिकाको बीचमा समन्वय तथा सहकार्यको अभाव देखिएको छ।
- संघीय नीतिबाट दिशानिर्देश हुन नसकेकाले गाँउपालिकामा तथ्याङ्क व्यवस्थापन एक चुनौतिका रुपमा रहेको छ।
- गाँउपालिकाकै संयन्त्र भित्रका निकाय तथा जिम्मेवार अधिकारी तथा सरोकारवालाहरूमा नीति निर्माण तथा योजना तर्जुमा तथ्याङ्कको महत्व बुझाइमा कमि देखिएको छ।
- बिभिन्न तहका सरकारको बीचमा तथ्याङ्क सेयर गर्नु पर्ने आवश्यकता छ तर तथ्याङ्कको अन्तरञ्चालनशीलता (इन्टरअपरिबिलिटी) सम्बन्धी मापदण्डको अभावमा प्रभावकारी तथ्यांक कार्यन्वयनमा चुनौति छ।
- गाँउपालिकामा सम्बन्धित कर्मचारी तथा मानव संसाधनको उपलब्धता, उनीहरूको यस बिषय प्रतिको प्राविधिक क्षमता एक प्रमुख चुनौतीका रुपमा रहेको छ।
- सरोकारवालाहरुमा तथ्याङ्क साक्षरताको कमि प्रभावकारी तथ्याङ्क व्यवस्थापनको एक महत्वपूर्ण चुनौतिका रुपमा रहेको छ।

**५. तथ्याङ्क व्यवस्थापन नीतिको उद्देश्यः**

- संविधान र कानुनले स्थानीय सरकारलाइ दिएको तथ्याङ्कको उचित व्यवस्थापनका सम्बन्धमा नीतिगत व्यवस्था गर्ने।
- गाँउपालिकामा तथ्याङ्कको उत्पादन, संकलन, विश्लेषण, प्रशोधन, वितरण आदि कार्यलाई प्रभावकारी बनाउने।
- गाँउपालिकामा तथ्याङ्कमा आधारित प्रभावकारी नीति तथा योजना तर्जुमालाइ प्रयोगमा ल्याउन योगदान गर्ने ।
- गाँउपालिकाको कार्य प्रणालीमा पार्दशिता र खुलापन प्रर्वधन गर्ने।
- प्रभावकारी तथ्याङ्क व्यवस्थापनको माध्यमबाट तथ्याङ्कको उपयोगलाइ राजनीति, आर्थिक, सामाजिक र वातावरणीय लगायतका विषयलाई मुलुकको दिगो विकाससँग जोड्ने।

**६. तथ्याङ्क व्यवस्थापनबाट हुने संभावित लाभहरुः** विभिन्न अध्ययन तथा अनुसन्धानहरुले तथ्याङ्क व्यवस्थापनका लाभहरूका बारेमा उल्लेख गरेका छन्। गाँउपालिकालाइ प्रदान गरिएको तथ्यांक व्यवस्थापनको जिम्मेवारीको आधारमा प्रभावकारी तथ्यांक व्यवस्थापन भएमा निम्न अनुसारको लाभ हुने देखिन्छ।

- गाँउपालिकामा रहेको सिमित साधन र स्रोतको तथ्य वा डेटामा आधारित रहि प्रयोग गर्दा त्यसको प्रभावकारीता बढ्छ।
- डेटा-सूचित योजना र नीति निर्माणले यसको ती योजना तथा नीतिको कार्यान्वयनमा आधार तय गर्दछ। यसरी गरीने नीति तथा योजना व्यवहारिक र आवश्यकताको सिद्धान्तमा आधारित हुने हुँदा बैज्ञानिक समेत हुन्छ।
- सेवाको प्रवाहमा लक्षित समूह र सेवाग्राहीको बारेमा उचित जानकारी हुँने हुँदा गरिने वा गरिएको कामको प्रभावकारीता मापनमा सहजता र समयको प्रभावकारी प्रयोग हुन सक्छ।

- लक्षित वर्ग पहिचान, योजनाको प्राथमिकता तथा आवश्यक श्रोत लक्षित जनसँख्यामा पुगिरहेको छ कि छैन भनेर आँकलन गर्न सजिलो तथा  प्रभावकारी शासन र गुणस्तरीय  रेकर्ड प्रणाली अवलम्बनमा सहयोग पुग्छ ।

## ७. तथ्याङ्क व्यवस्थापन नीतिको लक्ष्यः

यस नीतिले निम्नलिखित लक्ष लिएको छः

- गाँउपालिकाको तथ्याङ्कको उचित संरक्षण र व्यवस्थापन गर्ने ।
- गाँउपालिकाको योजना तथा नीति तर्जुमामा तथ्याङ्कको प्रयोगलाइ बढावा दिने ।
- तथ्याङ्क सुरक्षाको लागि आवश्यक संयन्त्र तथा प्रणालीको विकास गर्ने ।
- गाँउपालिकामा संकलन तथा उत्पादन हुने तथ्याङ्कको मानकीकरण र बहुआयामिक प्रयोगलाई मार्गनिर्देश गर्ने ।
- नागरिक तथा सरोकारवालाको तहमा डाटा तथा तथ्याङ्क सुरक्षा र महत्वका बारेमा क्षमता तथा चेतना अभिवृदि गर्ने ।

# परिच्छेद- २

## १०. तथ्याङ्क व्यवस्थापनको लागि नीतिहरूः

### १०.१ तथ्याङ्क उत्पादन र व्यवस्थापनः

- गाँउपालिकाको नीति तथा कार्यक्रम तर्जुमा, कानून निर्माण, कार्यक्रम तथा परियोजना विकास र सञ्चालन आदिका लागि आवश्यकता अनुरुपको तथ्याङ्क उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सामान्य वा विषयगत सर्वेक्षण गर्ने गराउने छ ।
- गाँउपालिकाले आवधिक रुपमा पालिकाको सबै किसिमका तथ्यांकहरुको संकलन हुने गरी पालिका प्रोफाइल तयार गर्नेछ ।
- गाँउपालिकाले आफुले उपलब्ध गराएका सार्वजनिक सेवा सम्बन्धी, सेवा प्रवाह सम्बन्धी, सेवा प्रयोगकर्ता सम्बन्धी कार्यविधिगत, परिमाणात्मक, तथा खण्डिकृत तथ्याङ्क सकलनको व्यवस्था गर्नेछ ।
- तथ्याङ्क उत्पादन र यसको व्यवस्थापनको लागि गाँउपालिका अन्तर्गतका सबै सार्वजनिक निकाय, नागरिक समाज र सरोकारवालाहरू बीचमा समन्वय तथा सहकार्य गरिनेछ ।
- तथ्याङ्क उत्पादन र यसको व्यवस्थापनको लागि भूमिका र जिम्मेवारीको आधारमा एक तथ्याङ्क समिति गठन गरिनेछ ।
- तथ्याङ्क समितिले गाँउपालिका अन्तर्गतका सबै निकायहरूको बीचमा समन्वय र सहकार्यमा आवश्यक तयारी र त्यसको कार्यान्वयन गरिनेछ ।
- तथ्याङ्क व्यवस्थापनमा लागि एकीकृत प्रणालीको विकास गरिनेछ र यसको व्यवस्थापनमा लागि चाहिने पूर्वाधारको तयारी गरिनेछ । यसका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्था गरिनेछ ।

**१०.२ तथ्याङ्क मानकीकरणः**

- यस पालिकाले तयार गरिने तथ्याङ्कको एकरूपता तथा डाटा सेयरिङ, अन्तरसञ्चालन क्षमता वा प्रयोगमा सहजताको लागि तथ्याङ्क मानकिकरण गरिनेछ। यसको लागि संघ र प्रदेश सरकारले अबलम्बन गरेको मानकलाई आधारको रूपमा लिइनेछ। संघ र प्रदेश सरकारले मानक अबलम्बन नगरेको अवस्थामा प्रचलित मान्यता र प्रणाली अनुसार गरिनेछ।
- गाँउपालिकाले नेपाली भाषा वा युनिकोडको प्रयोगलाइ अनिवार्य प्रयोग गर्नेछ। गाँउपालिकामा तथ्याङ्कको स्वरुप तथा सूचकको सामञ्जस्यता सृजना गरिनेछ र प्रयोगमा ल्याइनेछ।

**१०.३ तथ्याङ्क अद्ध्यावदिकरणः**

- यस गाँउपालिका भित्र गरिने सेवा प्रवाह तथा बिषयगत कार्य र अवस्थाको तथ्याङ्क सम्भव भएसम्म वास्तविक समयमा (रियल टाइम) अध्यावधिक गरिनेछ।
- वास्तविक समय (रियल टाइम) मा अध्यावधिक हुन नसक्ने क्षेत्रहरू पहिचान गरी तथ्याङ्क समितिको सल्लाह र सुझाव बमोजिम प्रत्येक तिन तिन महिनामा अध्यावधिक गरिने छ।
- तथ्याङ्क अद्ध्यावदिक गर्न गाँउपालिकाले निरन्तर रूपमा क्षेत्र तथा बिषयगत रूपमा सर्भेक्षण र गणनाका कार्यक्रमहरू तय गरी कार्यान्वयन गरिनेछ।

**१०.४ तथ्याङ्क भण्डारणः**

- यस गाँउपालिकाले बिभिन्न माध्यमबाट तयार गरेकोल तथ्याङ्कको सुरक्षित भण्डारणको लागि तय गरिनु पर्ने पुर्वाधार र नितीगत व्यवस्था गरिनेछ।
- संघीय वा प्रदेश सरकारको छुट्टै निर्देशन र नीतिगत व्यवस्था नभएसम्म यस गाँउपालिकाको तथ्याङ्क संभाव भए सम्म नेपाल सरकारको सर्भरमा र नभएको अवस्थामा गाँउपालिकाले आफ्नै सर्भरको व्यवस्था गरी त्यसमा नै रहने व्यवस्था मिलाइनेछ।
- तथ्याङ्क भण्डारणमा क्लाउड भण्डारण लगायत आवश्यक व्याकअपको प्रभावकारी व्यवस्था गरिनेछ जसले गर्दा गाँउपालिकाको तथ्याङ्क हराउने वा नष्ट हुने समस्याको उचित व्यवस्था हुनेछ।

**१०.५ तथ्याङ्क उपयोगः**

- गाँउपालिकाले सार्वजनिक सेवा प्रवाहमा तथा सार्वजनिक नीति निर्माणमा तथ्याङ्कमा आधारित प्रणाली तथा अभ्यासलाइ प्रयोगमा ल्याउनेछ र प्रत्येक निर्णयहरू तथ्य वा तथ्याङ्कमा आधारित हुनेगरी गरिने व्यवस्था गरिनेछ।
- गाँउपालिकाबाट उत्पादन हुने तथा गाँउपालिकामा रहेका सूचना, तथ्य तथा तथ्याङ्कमा गोपनियताको हक अनुसार संरक्षण हुने बाहेकका सूचना, डाटामा सबैलाइ पहुँच हुनेछ।
- विद्यालय तथा विश्वविद्यालयको अध्ययनरत विद्यार्थीहरूलाइ गाँउपालिकाको तथ्याङ्क प्रयोग नीति र अभ्यासको अवस्थामाका बारेमा अनुसन्धान गरी गाँउपालिकाको कार्यको तथ्याङ्कीय दृष्टिकोबाट अध्ययन र अनुसन्धानलाई प्रोरत्साहन गरिनेछ।

- गाँउपालिकाले तयार राखेको तथ्याङ्कलाई नीति तथा योजना तजुर्माका क्रममा प्रयोग गरिनेछ। यसको लागि नीति तथा योजना तर्जुमा प्रकृयामा सहभागी हुनेहरू तथा सरोकारवालाहरुको तथ्याङ्कमा पहुँच र प्रयोगमा प्रोत्साहन गरिनेछ।

- गाँउपालिकाले तयार राखेको तथ्याङ्कलाई गाँउपालिकाको क्षेत्राधिकारमा कृयाशील नागरिक समाज, निजी क्षेत्र तथा विकासका साझेदारलाई समेत उपलब्ध गराइनेछ र यस्तो तथ्याङ्क प्रयोगमा प्रोत्साहन गरिने छ ।
- गाँउपालिकाले आफ्नो क्षेत्राधिकार अन्तर्गत कृयाशील नागरिक समाज, निजी क्षेत्र तथा विकासका साझेदारहरुसँगको सहकार्यमा समेत तथ्याङ्क संकलन व्यवस्थापन तथा उपयोग गर्न सक्नेछ ।

**१०.६ तथ्याङ्क सुरक्षाः**

- यस नीतिले संघको राष्ट्रिय सुरक्षा नीति, डीजीटल तथा साइवर सुरक्षा तथा व्यक्तिगत तथा संवेदनशील तथ्य तथा तथ्याङ्कको गोपनियतालाइ पूर्ण रूपमा आम्पसात तथा गोपनियता कानुनको पूर्ण पालना गर्नेछ र सोहि अनुरूपमा कार्यहरू गरिनेछ ।
- गाँउपालिका अन्तर्गतका कार्यालयहरूमा प्रयोग गरिने कम्प्युटरहरूमा डाटा सुरक्षाको लागि आधिकारिक सफ्टवेयरहरू मात्र प्रयोग गरिनेछ साथै ह्याकिङबाट सुरक्षाको चाहिने साइवर सुरक्षाको व्यवस्था र कम्पुटर र कम्पुटर प्रणालीको सुरक्षाको लागि एन्टिभाइरस तथा अन्य टुलको अनिवार्य प्रयोग गरिनेछ ।
- गाँउपालिका अन्तरगत तयार भएको डाटाको संरक्षण, ब्याकअप नीति तथा डाटा मेटाउने व्यवस्थाको लागि तथ्याङ्क समितिको सल्लाह र सुझावमा जिम्मेवारी बाँडफाँड सहितको एक प्रणाली विकास गरी प्रयोग गरिने छ ।

**१०.७ तथ्याङ्कको स्वामित्वः**

- गाँउपालिका अन्तर्गत तयार भएको डाटा तथा तथ्याङ्कको स्वामित्व यसै गाँउपालिकामा रहनेछ तर आवश्यकता अनुसार डाटा तथा तथ्याङ्क प्रदेश सरकार र संघ सरकारलाई उपलब्ध गराइने वा सेयरिङको व्यवस्था गरिनेछ ।
- गाँउपालिका अन्तर्गत तयार भएको डाटा तथा तथ्याङ्कको स्रोत र स्वरूप नबिग्रिने गरी सबैले प्रयोग गर्न सक्नेछ ।

**१०.८ खुला तथ्याङ्क नीतिः**

- गाँउपालिका अन्तर्गत तयार हुने डाटा तथा तथ्याङ्कको पूर्णता, प्राथमिकता, समय सापेक्ष, सजिलै पहुँच योग्य, मेशिन-पठनीय, भेदभावरहित जस्ता खुला सरकारी तथ्याङ्कको मापदण्डहरू अनुसार गरिनेछ ।
- गाँउपालिकामा रहेका पुरानो तथ्याङ्कलाई खुल्ला तथ्याङ्क सिद्धान्त अनुरुप विकास गर्न डिजिटाइज गरिनेछ ।

**१०.९ तथ्याङ्कबारे सार्वजनिक सचेतनाः**

- गाँउपालिका अन्तर्गतका सार्वजनिक निकायका कर्मचारी तथा निर्वाचित जन प्रतिनिधिको तथ्याङ्क सुरक्षा, महत्व तथा गोपनियताको बारेमा आवश्यक क्षमता अभिवृदि गरिनेछ ।
- गाँउपालिका अन्तर्गत पत्रकार, नागरिक समाजका प्रतिनिधि, सेवाग्राही तथा अन्य सरोकारवालाई तथ्याङ्क सुरक्षा, महत्व तथा गोपनियता सम्बन्धमा जनचेतना अभियान संचालन गरिनेछ ।

**११. तथ्याङ्क व्यवस्थापन नीतिको कार्यन्वयनः**

तथ्याङ्क व्यवस्थापन नीति कार्यन्वयनको लागि निम्न अनुसार व्यवस्था गरिनेछः

**११.१** उचित कार्यन्वयनको लागि एक कार्यविधि बनाइनेछ । सो कार्यविधिले यो नीति कार्यन्वयनमा सबै पक्षलाई समेटेर सरल प्रकृयागत व्यवस्था गर्नेछ ।

**११.२** प्रत्येक ३ बर्षमा समीक्षा गरी आवश्यक संसोधन परिमार्जन गरेर डाटा र तथ्याङ्क व्यवस्थापनमा उचित मार्गनिर्देश गरिनेछ ।

**११.३** कार्यन्वयमा सहयोग पुग्ने गरी सबै सरोकारवालाको सहभागिता हुने गरी गाँउपालिकामा तथ्याङ्क समिति बनाइने छ र सो समितिले यस नीतिको कार्यन्वयनमा आवश्यक सल्लाह र सुझाव दिनेछ ।

**११.४** कार्यान्वयनमा चाहिने आवश्यक बजेट र जनशक्तिको व्यवस्थापन र क्षमता अभिवृदि गरिनेछ ।

**११.५** कार्यन्वयन र अवस्थाको बारेमा प्रत्येक ६ महिनामा गाँउपालिकाका शाखा तथा इकाईका जिम्मेवार अधिकारी, जनप्रतिनिधि तथा सरोकारवालासँग छलफल गरिनेछ ।

**११.६** कार्यन्वयन र अवस्थाको बारेमा सरोकारवालाको सल्लाह र सुझावको लागि गाँउपालिका भित्र एक संयन्त्रको विकास गरिनेछ र ती सुझावलाइ प्रत्येक ६ महिनमा हुने छलफलमा लागि त्यसको कार्यन्वयनको लागि आवश्यक पहल गरिनेछ ।

**११.७** कार्यन्वयनको लागि संघीय सरकार र प्रदेश सरकारसँग निरन्तर समन्वय गरिनेछ । साथै निजी क्षेत्र, नागरिक समाज र विकास साझेदारहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

आज्ञाले,
ओम प्रकाश देबकोटा
प्रमुख प्रशासकिय अधिकृत